फोन नं.:- ०५७-५२०४९५
फ्याक्स नं.:- ०५७-५२३८२२
ईमेल:-daomakawanpur@moha.gov.np
फेसबुक पेज:-www.facebook.com/daomakawanpur
वेबसाइट:-http://daomakawanpur.moha.gov.np/

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मकवानपुर

पत्र संख्याः- ०८२/८३
चलानी नम्बरः-

मितिः-२०८२/११/१४
ने.सं.:-११४६ चिल्लाथ्व १०, बिहीबार

## फागु पूर्णिमा (होली) पर्वको सूचना ।

आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ को प्रचारप्रसार तथा मौन अवधिभित्र होली/फागु पर्व मिति २०८२ फाल्गुन १८/१९ गते परेकाले निर्वाचनको सुरक्षा संवेदनशीलता तथा निर्वाचन आचारसंहिता परिपालनलाई ध्यानमा राखी जिल्लास्थित सम्पूर्ण राजनीतिक दल, उम्मेदवार, राजनीतिक दलका प्रतिनिधि, मतदाता तथा सम्पूर्ण जिल्लावासीबीच आपसी सद्भाव, शान्ति र सौहार्दपूर्ण वातावरण कायम रहने अपेक्षा सहित शुभकामना व्यक्त गर्दछौं।

होली/फागु पर्वलाई धार्मिक एवं सांस्कृतिक दृष्टिले मर्यादित, सभ्य र अनुशासित ढङ्गले मनाउनुका साथै निर्वाचनको सुरक्षा र निर्वाचन आचारसंहिता पालना गर्न देहाय बमोजिम गर्न, गराउन जिल्ला सुरक्षा समिति सम्पूर्ण राजनीतिक दल, उम्मेदवार, राजनीतिक दलका प्रतिनिधि, धार्मिक संघ-संस्था, आमनागरिक तथा सरोकारवाला सबैलाई हार्दिक आह्वान गर्दछौं ।

देहायः-

१. निर्वाचन आचारसंहिता, २०८२ को पूर्ण परिपालन गर्ने तथा आचारसंहिता उल्लङ्घन भएको तथ्यपरक जानकारी मुख्य निर्वाचन अधिकृतको कार्यालय/निर्वाचन अधिकृतको कार्यालय, प्रदेश निर्वाचन कार्यालय, आचारसंहिता अनुगमन समिति, आचारसंहिता अनुगमन अधिकृत एवं नजिकको सुरक्षा निकायलाई उपलब्ध गराउने,
२. होलीको दिन भिडभाड हुने कुनै पनि कार्यक्रम नगर्ने/नगराउने, गर्नुनै पर्ने भएमा गर्नु पूर्व जिल्ला प्रशासन कार्यालयबाट अनिवार्य अनुमति लिने,
३. पर्व मनाउने नाममा कसैको ईच्छा विपरीत जबरजस्ती, अमर्यादित तथा उच्छृङ्खल व्यवहार नगर्ने, नगराउने,
४. मादक तथा नशालु पदार्थ सेवन नगर्ने, मादक पदार्थ सेवन गरी सवारी साधन नचलाउने, सार्वजनिक स्थलमा होहल्ला नगर्ने तथा चर्को आवाजमा बाजा (डिजे) नबजाउने, छर छिमेकलाई असर पर्ने खालका कुनै पनि कार्य नगर्ने, नगराउने, पटका पड्काउने, आतिसवाजी जस्ता क्रियाकलाप नगर्ने,
५. धार्मिक सहिष्णुता, आपसी सद्भाव कायम राखी होली तथा रंगहरूको पर्व मनाउने र कसैको इच्छा तथा मर्यादा विपरीत रङ्ग दल्ने, लोला हान्ने, फोहर पदार्थले छ्याप्ने, दुःख, हैरानी तथा कष्ट दिने कुनै पनि कानून विपरीतका कार्य नगर्ने, नगराउने ।

कोही कसैले प्रचलित कानून विपरीतका कार्य गरे, गराएको पाईएमा प्रचलित कानून तथा निर्वाचन आचारसंहिता बमोजिम कडा भन्दा कडा कारबाही हुने व्यहोरा समेत सबैको जानकारीका लागि सूचित गरिन्छ।

२०८२।११।१४

...................
सहायक प्रमुख जिल्ला अधिकारी